# म तिम्रो ढाल हु

**Pastor S. James**

**April 27th, 2023**

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद धन्यबाद हाम्रो हर समस्या बाट हामीलाइ बचाएर यहाँ सम्म हामीलाइ पुर्‍याउनु भएको लागी धन्यबाद । यो बिश्वास को यात्रामा अन्त सम्म पुग्न को लागी मेरो प्राण , शरीर , आत्मा सम्पुर्ण रितीले हजुर को हातमा राख्दछु । सहायता गर्नुहोस् । हजुरको बचन बुझ्नलाइ हामीलाइ अनुग्रह गर्नुहोस् । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन*

हामी बिश्वास को जीवनमा चल्न को लागी हामीलाइ धेरै सन्तहरु को बादलले घेरेको छ । हामी यि धेरै सन्तहरु मध्य हामी ले अब्राहाम बाट धेरै सिक्न सक्छौ कारण अब्राहाम बिश्वास को पिता हुन् । परमेश्वर को लागी घर घराना सबै छोडेर निक्लने पहिलो ब्यक्ति अब्राहाम हुन् । परमेश्वरले हाबेललाइ घर छोड्नु भनेर भन्नुभएन । नुहलाइ पनि भन्नुभएन । सबै छोडेर बिश्वासमा चल्ने मात्र नभएर परमेश्वर को करार पनि अब्राहाम संग थियो । हनोक ,हाबेल, नुह कसै संग पनि थिएन नुह संग अलग्गै करार थियो । त्यसकारणले अब्राहाम हाम्रो लागी मुख्य ब्यक्ति हुन् । अब्राहाम को जीवनमा बिश्वास को जीवन उत्पत्ति ११ मा शुरु हुन्छ । १२ मा मिश्र देशमा जान्छ १३ मा निक्लेर आउछ ।

उत्पत्ति १५:१ सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले भन्नुभयो, "अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।"

बिश्वास को एउटा सिद्धान्त छ ।प्रेरित को एउटा तालिम छ शिक्षा छ । तर हामी बिश्वासीहरु सिद्धान्त को आधारमा र प्रेरितहरु को शिक्षा को आधारमा मात्र हिड्दैनौ । हामी एउटा ब्यक्ति को पछाडि हिड्छौ । यदि कोहि पनि ब्यक्ति मात्र सिद्धान्त को अनुसार चल्छन् भने त्यो धरम हुन्छ । बिश्वास को जीवन हुदैन । स्त्री र पुरुष को बिवाहमा एउटा नियम कानुन छ । तर उनीहरु बिवाह को नियम र कानुनमा मात्र नभएर एक अर्का संग हिडेका हुन् । बिवाहमा नियम छ र ब्यक्ति छ यदि नियम मात्र छ र ब्यक्ति छैन भने समस्या हुन्छ । अब्राहाम को जीवन हेर्दा खेरी धेरै बर्ष अगाडी कल्दिहरु को देशमा हुदा खेरी

प्रेरित ७:२-३ 2स्तिफनसले उत्तर दिए, "मेरा यहूदी पिताहरू र दाज्यु-भाइहरू, मलाई ध्यानसित सुन। हाम्रा पुर्खा अब्राहाम समक्ष महिमामय परमेश्वर प्रकट हुनुभयो। अब्राहाम त्यसबेला मेसोपोटामियामा थिए। यो उहाँ हारानमा रहनु भन्दा पहिलेको कुरा हो।
3परमेश्वरले अब्राहामलाई भन्नुभयो, 'तिम्रो देश र त्यहाँका तिम्रा मनिसहरूलाई छोड अनि त्यो देशमा जाऊ, म तिमीलाई देखाउने छु।'

एउटा ब्यक्ति आएर दर्शनमा बोल्नुभयो तिमी तिम्रो देश बाट निक्ल । त्यति खेर सम्म कुनै नियम शिद्धान्त केहि पनि आएको थिएन । त्यहाँ अब्राहाम को एक जना ब्यक्ति संग भेट भएर सिधा कुरा हुदैछ । त्यसपछि अब्राहाम मेसोपोटामिया बाट निक्लेर हारानमा आएर बसे ।

4यसैले अब्राहामले कल्दी देश छाडे अनि हारानमा बस्न गए। अब्राहमको पितकाको मृत्युपछि उनलाई परमेश्वरले यो ठाँउमा पठाउनु भयो, जहाँ अहिले तिमी बस्छौ।
5तर उहाँले अब्राहामलाई त्यो जमीनको कुनै टुक्रा आफ्नो बनाउन दिनुभएन, खालि यसको एक फूट मात्र पनि दिनुभए। तर तिनले प्रतिज्ञा गरे कि भविष्यमा त्यो जमीन उसको अनि उसको उत्तरधिकारीको हुनेछ। यद्यपि त्यस बेला अब्राहमको कुनै सन्तान थिएन।

अब्राहामले दर्शनमा सुने र आज्ञाकारी भए तर पुरा रुपमा आज्ञाकारी भएनन् । परमेश्वरले भनेको देश सम्म गएन आधा ठाउ सम्म गएर बस्यो ।

उत्पत्ति १२:४ 4यसर्थ अब्रामले परमप्रभुले भन्नु भए अनुसार नै हारान छोडे अनि लूत तिनीसित गए। जब अब्रामले हारान छोडे त्यस समय तिनी पचहत्तर वर्ष पुगेका थिए।

यहाँ आएर अब्राहाम पुरा रुपले आज्ञाकारी भए । हामी पनि बिश्वास को यात्रामा आधा बाटोमा नै रोकिन्छौ भने हामी पुरा रुपमा आज्ञाकारी हुदैनौ । आज्ञाकारी त्यतिखेर हामी बन्न सक्छौ जब हामीले परमेश्वरले भनेको कुरा सुनेर पुरा रुपमा काम गर्छौ । जब हामी परमेश्वरले भनेको कुरा पुरा गर्छौ भने हाम्रो समय को गन्ति हुन्छ आधा र अधुरा काम को लागी परमेश्वर को इतिहासमा नै त्यसको गन्ति हुदैन । हामी पुरा आज्ञाकारी भएपछि हाम्रो समय सुरु हुन्छ । अब्राहाम को पनि यो भन्दा पहिला उसको उमेर लेखेको छैन । जब उ आज्ञाकारी भयो तब उसको उमेर ७५ बर्ष को भनेर लेखेको छ । परमेश्वरले अब्राहामलाइ आफ्नो सबै पुस्तालाइ छोडेर मैले देखाएको ठाउमा जा भनेर भन्दा उसले सुन्यो त्यो एउटा दर्शन मात्र थियो त्यसमा अब्राहाम पुरा आज्ञाकारी भएका थिएनन् । हारानमा गएर धेरै बर्ष सम्म बस्दा खेरी पनि उसको बर्ष बताइएको छैन जब हारान बाट पनि सबै छोडेर प्रतिज्ञा को देश हारानमा जादा खेरी उसको बर्ष लेखेको छ । त्यस्तै गरी हाम्रो बारेमा पनि स्वर्ग पुग्दा खेरी हाम्रो न्याय को दिनमा पुस्तकहरु खोलिन्छ । पुस्तकहरु को बिच बिचमा पन्नाहरु खाली छ किनभने परमेश्वरले भनेको कुराहरुमा सबैमा आज्ञाकारी भएको छैन । हामी आज्ञाकारी हुनुपर्छ । यो उद्धार को कुरा लेखेको होइन यो इनाम को बारेमा हो ।

उत्पत्ति १२:७ ⁷त्यहाँ परमप्रभु अब्रामको अघि प्रकट हुनुभयो अनि भन्नुभयो, "म तेरो सन्तानहरूलाई (अनि अरू कसैलाई पनि होइन) यो भूमि दिनेछु।"अब्रामले त्यस ठाउँमा जहाँ परमप्रभु तिनी अघि प्रकट हुनु भएको थियो। पूजाको निम्ति वेदी बनाए।

जब हाम्रो परमेश्वर संग हाम्रो भेट हुन्छ। त्यति खेर परमेश्वरले भनेको कुरा राम्रो संग सुनेर आज्ञाकारी भयौ भने फेरी परमेश्वर संग हाम्रो भेट हुन्छ। अब्राहाम जब प्रतिज्ञा को देश पुगे पछि त्यहाँ अब्राहामको जाचँ हुन्छ। किनभने प्रतिज्ञा को देशमा अब्राहामलाइ परमेश्वरले बोलाउनु भएको थियो । परमेश्वरले बोलाएको देशमा मात्र परमेश्वरले जाचँ लिनुहुन्छ। कनान देशमा अनिकाल आयो यो अब्राहाम को बिश्वास को जाचँ थियो त्यसमा अब्राहाम हार्यो । हामी बिश्वासमा लड्दा खेरी पनि परमेश्वर बिश्वास योग्य हुनुहुन्छ ।

२ तिमोथी २:१३ *13* यदि हामी विश्वासी नभए पनि उहाँ अझ विश्वासी हुनुहुन्छ किन कि उहाँ आफ्नो स्वभावलाई अस्वीकार गर्न सक्नु हुँदैन।

अब्राहाम अबिश्वासी थियो मिश्र देशमा गयो परमेश्वर बिश्वास योग्य हुनुहुन्थ्यो ।

उत्पत्ति १२:१७ ¹⁷फिरऊनले अब्रामकी पत्नी साराईलाई राखेकोले परमप्रभुले फिरऊन र उसको परिवारमाथि कष्टदायक रोगहरू पठाउनु भयो।

अब्राहामले मिश्र देशमा आफ्नो पत्निलाई बहिनी भनेर अब्राहाम अबिश्वास मा जीवन जिउदा खेरी पनि बिश्वासमा हुनुभएका परमेश्वरले अब्राहम को जीवनमा अब्राहामलाइ बचाउन को लागी सिधै हस्तक्षप गर्नु भयो । अब्राहामलाइ मिश्र देश बाट परमेश्वरले निकाल्नु भयो । फेरी अभिमलेक संग सारा मेरो बहिनी हो भनेर भन्छ । त्यतिखेर पनि बिश्वास योग्य परमेश्वर सिधै अब्राहामलाइ बचाउन सिधै अब्राहाम को जीवनमा हस्तक्षप गर्नुहुन्छ । परमेश्वर कहिलै पनि लुत को जीवनमा हस्तक्षप गर्नु भएन । २ किसिम को बिश्वासी हुन्छन् एउटा अब्राहाम जस्तो बिश्वासी बिश्वास को यात्रामा नै हिड्ने ।अर्को लुत जस्तो बिश्वासी मान्छे धार्मिक हो । मण्डली आउछन् । मण्डलीमा केहि गडबडि गर्दैनन् । गाना गाउछन् बचन सुन्छन् अनि जान्छन् । तर बिश्वास को यात्रामा हिड्दैनन् । परमेश्वरलाइ सुन्दैनन् र संसारको आवाजलाइ सुन्छन् शंसारीक नै हुन् । त्यस्तो मान्छेको जीवनमा आपत बिपत हुदा खेरी परमेश्वर सिधै सहाएता गर्न को लागी आउनुहुन्न । त्यसको लागी कसैलाइ पठाउनु हुन्छ । तर परमेश्वर सधै नै अब्राहाम को जीवनमा , इसहाक को जीवनमा र याकुब को जीवनमा हस्तक्ष्यप गर्नुभयो । बिश्वास भनेको एउटा यात्रा हो र जीवन पनि हो । कति मण्डलीमा सन्तहरु छन् उनीहरु को जीवनमा बिश्वास को जीवन छ तर बिश्वास को यात्रा छैन । लुत को जीवनमा बिश्वास को जीवन थियो तर बिश्वास को यात्रा थिएन । अब्राहाम को जीवनमा जीवन र यात्रा दुबै थियो । बिश्वास को यात्रा भनेको एक दम डर्ने कुरा हो कारण बिश्वास को यात्रामा काहाँ गएको थाहै हुदैन । लुतलाइ उ काहाँ जादैछ उसलाइ थाहाँ थियो । अब्राहाम र नुह को बिचमा समस्या हुन्छ । त्यसपछि अब्राहामले लुतलाइ तिमी चुन तिमीलाइ जुन मन पर्छ त्यहि लिएर जाउ भनेर भन्छन् । अब्राहामले लुतलाइ तिमी चुन भन्नु को कारण अब्राहाम संग एउटा परमेश्वरको प्रतिज्ञा थियो । प्रतिज्ञा पाएको मान्छेले मात्र भन्न सक्छ तिमी चुन । प्रतिज्ञा नपाएको मान्छे त पहिला नै खोस्न पुग्छ । जस्तो लुत संग प्रतिज्ञा थिएन जसले गर्दा उसमा लोभ आयो ।

उत्पत्ति १३:१४ ¹⁴लूत गएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, "आफ्नो वरिपरि हेर, उत्तर, दक्षिण पूर्व, पश्चिमतिर हेर।

लुत अब्राहाम बाट गए पछि परमेश्वर फेरी अब्राहाम संग बोल्नु भयो । किनभने अब्राहामले चुनेको कुराहरु सबै बिश्वास को अनुसार थिए । बिश्वास को एउटा जीवन छ त्यसले मान्छेलाइ श्वर्गमा पुराउछ । उनीहरुको बिश्वास को अनुसार पुरस्कार पाउछ तर बिश्वास को यात्रामा चल्नेहरुको लागी पुरस्कार अलग्गै हुन्छ । बिश्वासमा आज्ञाकारी भएर जीवनको यात्रामा चलेको र चुनेको कुराहरु सबै बिश्वास को आधारमा हो भने त्यस्तो मान्छेहरु जब समस्यामा पर्छन् भने त्यति खेर परमेश्वर सिधै त्यस मान्छेको जीवनमा आएर सहाएता गर्नुहुन्छ । उत्पत्ति १४ अध्यायमा हामीले हेर्यौ भने त्यहाँ संसारमा पहिलो युद्ध हुन्छ । अब्राहाम एउटा योद्धा पनि हुन् । यो बिश्वास को यात्रामा चल्नेहरु सबै अब्राहाम को जस्तै योद्धा हुन् । योद्धा भएन भने यो बिश्वास को यात्रा पुरा गर्न सक्दैन । हामी संन्तहरु को बिचमा हेर्यौ भने उनीहरु युद्ध को लागी निक्लनै डराउछन् । अन्धकार को शक्तिहरु संग लडाइ लड्न तयार छैनन्। मलाइ नछो तलाइ पनि छुन्न भनेर एउटा सम्झौता गरेका छन् । हामी अब्राहाम को संतानहरु हौ भने हामीले अब्राहाम बाट अब्राहाम जस्तै योद्धा हुनु पर्छ । हाम्रो मडण्ली भएका र हाम्रो बिश्वासी भाइ बहिनीलाइ सैतानले कब्जा गरेको छ । त्यस कब्जा बाट निकाल्नको लागी हामी आत्मिक योद्धा हुन अतिनै जरुरी छ । अब्राहाम ले आफ्नो भतिजा लुत को लागी युद्ध गरे । अब्राहामले यो भनेनन् कि यो भतिजोले मेरो कुरा मानेन म बाट अलग भयो यसको लागी म युद्ध गर्दिन भनेनन् । त्यसै गरी हामीले पनि यस्ता कुराहरु मनमा राख्नु हुदैन । यसरी युद्ध को लागी निकल्ने मान्छेहरु संग धेरै अनुभबहरु हुन्छन् । अब्राहाम धेरै बुढो भएर पनि ४ देश को सेना को माथि उसले जित्छन् । कारण परमेश्वरमा भरोसा राखेर निक्लेको कारणले उनले जिते । उता पट्टि सेनाहरु यता अब्राहाम संग त ३१८ जना सिपाहि मात्र परमेश्वरमा भरोसा राखेर हिड्ने मान्छेले कहिले पनि संख्या हेर्नु हुदैन । परमेश्वर को लागी संख्या केहि पनि होइन । त्यस्तो युद्ध गर्ने ब्यक्ति संग मल्कीसदेक आएर रोटि र दाखरस दिनुहुन्छ । मल्कीसदेक भनेको येशु को प्रतिक हो । रोटि र दाखरस भनेको प्रभु को भोज हो । जसले आफ्नो बिश्वासीहरु को लागी सैतान संग लडाइ गर्छ तिनीहरुलाइ येशु आएर सेवा गर्नुहुन्छ भनेको छ । मल्कीसदेक आएर अब्राहामलाइ रोटि र दाख रस दिनुभयो त्यति मात्र नभएर मल्कीसदेकले अब्राहामलाइ आशिष दिनुहुन्छ र अब्राहामले मल्कीसदेकलाइ १० औ भाग दिन्छन् । कारण अब्राहामले आफ्नो भतिजा लुत को लागी लडाइ गरेका थिए । त्यस्तो लडाइ जितेर , मल्कीसदेक को आशिष पाएर उहाँले लिएर आएको रोटि र दाखरस खाएको अब्राहामलाइ परिक्षा आउछ । युद्धमा जीतेको सबै सर सामान लिनु भनेर तर अब्राहामले केहि पनि लिदैनन् । सबै फिर्ता गरीदिन्छन् ।

३ यहुन्ना १:७ [7]यी भाइहरु ख्रीष्टको सेवाकोलागि यात्रामा गए। तिनीहरुले ती मानिसहरुबाट कुनै सहायता स्वीकार गरेनन् जो विश्वासीहरू होइनन्।

हामी परमेश्वर को नाममा बेरा देखी आउने राजाहरु को बिरुद्धमा युद्ध गर्न निक्लेको ब्यक्तिहरु कहिले पनि यो संसार को लोभमा परेर अबिश्वासीहरु बाट केहि पनि लिदैनौ ।

उत्पत्ति १५:१ सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले भन्नुभयो, “अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।”

यसरी अब्राहाम परमेश्वर को बिश्वासमा हिडेको कारण सब कुरा भएर अब्राहाम सफल भए पछि अब्राहाम कहाँ परमेश्वर को बचन आयो । बचनमा पहिलो चोटि परमेश्वरको बचन भनेर भनेको यो अध्याय हो परमेश्वर को बचन भनेको येशु मशिह हुनुहुन्छ । उत्पत्ति १४ अध्यायमा पहिलो युद्ध को बारेमा लेखेको छ । यस अध्याय बाट हामीले हाम्रो युद्ध को संग हो ? कसरी लड्नु पर्छ यि सबै कुराहरु १४ अध्यायमा पाउछौ । जब यहाँ अब्राहाम को दर्शनमा येशु आउनुहुन्छ त्यस पछि यहाँ बाट अब्राहाम अगमबक्ता हुन्छन् । यदि हामी पनि यो बाटोमा हिड्छौ भने हामी पनि अगमबक्ताको जीवन जीउन सक्छौ । दर्शनमा येशु र येशु को बचन आउने एउटा बाटो छ । यो बाटो सजिलो हुदैन ।

यहुन्ना ८:५६ [56]तिम्रा पिता अब्राहाम म आउने दिन हेर्नलाई हर्षित थिए। उनले त्यो दिन देखे र हर्षित भए।”

अब्राहामले येशु मशिह को दिन उत्पत्ति को १५ अध्यायमा देखे । येशु धेरै शाल पछि यहुदीहरु को बिचमा भन्दैहुनुहुन्छ । अब्राहामले मेरो दिन हेरेर रमायो । यो उत्पत्ति १५ अध्यायमा भएको घटना हो । जाहाँ येशु मशिह अब्राहाम संग भेट गर्नुभयो ।

उत्पत्ति १५:१ सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले भन्नुभयो, “अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।”

परमेश्वरले यहाँ नडरा भनेर अब्राहामलाइ भन्नुहुन्छ । बाइबल बिज्ञहरुले भन्छन् नडरा भन्ने शब्द परमेश्वरले ३६५ बार बोल्नु भएको छ । परमेश्वरले यो अब्राहाम संग पहिलो चोटि हो बोल्नु भएको नडरा । येशु कुशमा मरे पछि जब बौरी उठेर पहिलो चोटि चेलाहरु को माझमा आएर बोल्नुभएको शब्द हो नडरा । जब परमेश्वर को बचन हाम्रो जीवनमा आउनुहुन्छ सबै भन्दापहिला बोल्ने शब्द हो नडरा । बिश्वास को यात्रा मा भएका चेलाहरु संग मात्र येशुले बोल्नु भयो बाकिहरु संग बोल्नुभएन । चेलाहरु बिश्वास छोडेर काहि गएनन् डराएर एक कोठामा बसेका छन् । त्यसकारणले चेलाहरु संग बोल्नुहुन्छ नडरा । हामी संग ५ इन्द्रियहरु छन् । यो इन्द्रिय अनुसार नहिड्न को लागी हामीलाइ बचनमा भनेको छ ।

२ कोरिन्थी ५:७ [7]हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।

बिश्वास को यात्रामा बिश्वासले हिड्नु पर्छ आखाँले होइन । बिश्वासमा जीवन जिउन को लागी धेरै कठिन हुन्छ । आखाँले हिड्नलाइ चाहिने कुरा हो पैसा । अब्राहामले भने मलाइ यो पैसा सामान केहि चाहिदैन । त्यस्तो मान्छे संग आएर परमेश्वरले भन्नुभयो नडरा । अब्राहाम यदि बिश्वासमा चल्ने मान्छे थिएनन् भने आफ्नो कुटुम्ब , आफ्नो भाषा बोल्ने आफन्त सबै छोडेर काहाँ जादैछ थाहाँ छैन आफ्नो जन्मेको जगा छोडेर निक्लन सक्दैन थे । हारान बाट पनि परमेश्वरले निक्लि भन्दा अब्राहाम झन् बढि डराउछ कारण अब अन्यजातिहरुको बिचमा जानु पर्छ ।

हिब्रू ११:८-१० [7]हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।
[8]परमेश्वरले अब्राहामलाई अर्कै ठाउँको यात्रा गर्न अह्राउनु भयो जुन उहाँले उनलाई दिने वचन दिनुभएको थियो। त्यो अर्को ठाउँ कुन हो र कहाँ छ, त्यसको ज्ञान अब्राहामलाई थिएन। तर परमेश्वरको आज्ञा मानेर उनले यात्रा शुरू गरे किनकि उनको विश्वास थियो।

परमेश्वरले जा भनेको ठाउ तिर गएर बिश्वास द्वारा अब्राहामले आज्ञा पालन गरे । येशुले श्वर्ग जानु भन्दा पहिला उहाँलाइ यरुसलेममा पर्खिनु भनेर भन्दा १२० जना मात्र आज्ञा पालन गरेर पर्खिबसे । शावललाइ भेट्दा खेरी दमसकसमा पर्खिनु भन्नुभयो । बिश्वास द्वारा नै शावल दमसकसमा गए । त्यसैगरी थोमा पनि बिश्वास मा नै इण्डियाको केरलामा आए भाषा मिल्दैन , केहि पनि मिल्दैनथ्यो र त्यति टाढा बाट समुन्द्र पार तरेर पनि उनी बिश्वासमा नै आए । उ थोमा यहाँ इण्डियामा आएको कारणले नै आज हामीले परमेश्वरलाइ पाउन सक्यौ । उ नआएको भए हामीले परमेश्वरलाइ पाउन सक्दैन थियौ । र इण्डिया को इसाइहरु को इतिहास नै अलग्गै हुन्थ्यो ।

[9]परमेश्वरले उनलाई दिन्छु भनी वचन दिएको देशमा गएर उनी बसे। अब्राहाम त्यस देशमा एउटा परदेशी जस्तो भएर बसे किनकि उनी त्यहाँका थिएनन्। उनले यसै गरे किनभने उनको विश्वास थियो। उनी त्यस देशमा गए अनि इसहाक र याकूबसित पालमा बसे। इसहाक र याकूबले पनि परमेश्वरबाट यस्तै वचन पाएका थिए।

अब्राहाम परमेश्वरले दिएको देशमा परदेशी जस्तै बसे । जो नम्रहरु छन् तिनीहरुलाइ एक दिन यो पृथ्वि को अधिकार दिनुहुन्छ र पनि अहिले त परदेशी को जस्तो बस्नुपर्छ । संसारमा भएका सबै मान्छेहरुले अस्थाइ होइन इस्थाइ कुराहरु खोज्छन् । सधै नै रहने

इस्थाइ कुरा हाम्रो परमेश्वर मात्र हुनुहुन्छ। लुतले संसारमा इस्थाइ कुरा खोजेर सदोममा गयो र घर बनायो र सधै को लागी बसोबास गर्न लाग्यो। तर अब्राहाम त पालमा बस्दैछन्।

[10] अब्राहाम एउटा बलियो जग भएको नगरको प्रतीक्षामा थिए, जसलाई बनाउने र सृष्टि गर्ने परमेश्वर नै हुनुहुन्छ।

हाम्रो आशाहरु एउटा शहर संग जोडेको होइन श्वर्ग को शहर संग जोडेको हो। जसको शृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। संसारीक आखाँमा हेर्ने हो भने लुतले अब्राहामलाइ छोडेर गए पछि अब्राहाम अरुको देशमा एक्लै भए। जब हामी बिश्वसमा अगाडी बढ्छौ भने बिश्वासमा नहिड्ने ब्यक्ति बाट हामीलाइ अलग गर्नुहुन्छ। सामर्थ परमेश्वर बाट आउछ न कि सम्झौता गरेर हिड्ने बिश्वासीहरु बाट आउछ। लुत अब्राहाम को जीवन बाट छुटेर गए पछि अब्राहाम को तागत कमजोर भएन तर झन् बलियो भयो। हामी हाम्रो जीवनमा धेरै कुराहरु संग समझौता गर्छौ जुन दिन हामी समझौता गर्न छोड्छौ त्यो दिन देखी हाम्रो जीवनमा आत्मिक तागत बढ्छ। संसार संग सम्झौता गर्न सजिलो हुन्छ। तर जब हामी संसार संग सम्झौता गर्दैनौ त्यति बेला हाम्रो आफन्तहरु र कहिले काहि हामीलाइ हाम्रो मण्डलीका मान्छेहरुले पनि छोडेर जान्छन्। अयुब को जीवनमा त्यस्तो अबस्था हुदा पनि उसले परमेश्वरमा बिश्वास गरेरै बस्दा उसको आफ्नै श्रीमतीले भनिन् किन तिमी परमेश्वर परमेश्वर भन्छौ बरु परमेश्वरलाइ सरापेर मोर भन्छिन्। कारण उनी सम्झौता गर्ने स्त्री थिइन्। सम्झौता गरेको लुतलाइ कब्जामा लिएर गए तर सम्झौता नगरेको अब्राहामले थोरै संख्यामा भएको सिपाहीले पनि त्यति धेरै सिपाही भएको र ठुलो युद्ध जिते। चाहे बिश्वासी होस् या अबिश्वासी संसारमा जीउन को लागी दैनिक कुराहरु को लागी पैसा आबश्यक पर्दछ। संसार को थोक संग सम्झौता नगरेर अब्राहामले युद्धमा जीतेको कुनै पनि सामान नलिएर सबै फिर्ता गरिदिए। संसार मा सुन हो मान्छेको लागी परमेश्वर तर बिश्वासी को लागी परमेश्वर हो उसको परमेश्वर। संसारका राजाहरु आएर अब्राहामलाइ सुन र चाँदि दिदैछन् तर अब्राहाम परमैश्वरमा बिश्वास गर्ने मान्छे भएकोले भन्दैछ मेरो लागी परमेश्वर हो सुन र चाँदि मलाइ तिमीहरुको सुन चाँदि चाहिदैन।

पहिलो पुस्ता डराएर चले यहोशु र कालेब मात्र डराएनन्। दोस्रो पुस्ता नडराइ चले। त्यसै गरी मण्डलीमा पनि दुइ किसिम का मान्छेहरु छन् एक डराएर चल्नेहरु र अर्को नडराएर चल्नेहरु

२ तिमोथी १:७ [7] परमेश्वरले हामीलाई कातरको आत्मा दिनु भएन। उहाँले हामीलाई शक्तिको आत्मा, प्रेम अनि आत्मा संयमको आत्मा प्रदान गर्नु भएको छ।

तिमोथी एक दमै राम्रो र परमेश्वरमा बिश्वास गर्ने र मण्डली को लागी बिश्वास योग्य ब्यक्ति थिए। तर उनी अतिनै डरपोक पनि थिए। त्यसैले तिमोथी संग परमेश्वर बोल्दैहुनुहुन्छ नडरा मैले तलाइ डरको आत्मा दिएको छैन।

प्रेरित २७:२४ [24] उहाँले भन्नुभयो, पावल भयभीत न हौ! तिमी सिजर समक्ष उभिने पर्छ। अनि परमेश्वरले तिम्रो खातिर तिमीसंग समुद्रयात्रा गर्नेहरू सबैलाई बचाउनु हुनेछ।'

यि गुरु र चेला दुबै संग परमेश्वर तिमोथी संग भन्नुहुन्छ तिमीलाइ मैले डरको आत्मा नै दिएको छैन र पावल संग परमेश्वर भन्नुहुन्छ तिमी नडरा। पावल र तिमोथी को अबस्था अलग अलग हो। आधि को कारण जाहाज को अबस्था ठिक छैन खानाहरु छैन। बाच्ने स्थीती नै छैन त्यस्तो अबस्थामा परमेश्वर आएर पावल संग भन्नुहुन्छ तिमी मर्ने छैनौ तिम्रो कारण ले सबै जाहाजमा यात्रा गर्नेहरु बाच्नेछन् तिमी नडरा। तिम्रो लागी मेरो योजना छ त्यो योजना तिमी सिजर को अगाडि खडा हुन्छौ जब सम्म यो पुरा हुदैन तिमी मर्दैनौ। तिमोथी संग परमेश्वर ले केहि पनि भन्न सक्नु भएन कारण सबै भन्दा पहिला तिमोथी ले डर को माथि जित्नु पर्छ। अनि मात्र परमेश्वर बोल्नुहुन्छ।

उत्पत्ति १५:१ सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले भन्नुभयो, "अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।"

बिश्वासमा चल्दा खेरी संसारको मान्छेहरु उसको बिरुद्धमा हुन्छन् परमेश्वरलाइ थाहाँ छ त्यसकारणले परमेश्वरले अब्राहामलाइ भन्नुहुन्छ त नडरा। इसहाक अब्राहामको मृत्यु पछि अनिकाल आए पछि इसहाक मिश्र देशमा जान लाग्दा परमेश्वरले इसहाकलाइ नजा भन्नुभयो। अनिकाल को समयमा यतै तिम्रो बिउ रोप्नु भन्नुभयो र इसहाकले बिउ रोपे। त्यो बिउले पुरा फल आयो त्यस पछि अन्यजातिहरुमा पुरा आरीस आयो।

उत्पत्ति २६:१३-१४ [13] इसहाक धनी भए। उनले त्यस बेलासम्म सम्पत्ति बटुली बसे जब सम्म उसंग धेरैभन्दा धेरै सम्पत्ति भएन।
[14] ऊसित धेरै बगाल अनि हूल गाई बस्तुहरू थिए। कमारा-कमारीहरू पनि उनकोमा धेरै नै थिए। सबै पलिश्तीहरू ऊ सँग आरीस गर्थे।

इसहाकले जाहाँ जाहाँ कुवा खोदे त्यहाँ त्यहाँ पलिश्तीहरु आएर कब्जा गरेर लिएर गए तर इसहाकले लडाइ गरेनन् कारण परमेश्वर बाट प्रतिज्ञा र आशिष पाएको ब्यक्ति लडाइ गर्दैनन् उल्टा इसहाकले मलाइ त आशिष जाहाँ पनि पाउछ भनेर अझै लेउ भनेर दिए। इसहाक वेर्सेबामा आउछन् अनि त्यहाँ

[24] त्यस रात परमप्रभुले इसहाकसित कुरा गर्नु भयो। परमप्रभुले भन्नुभयो, "म तेरो बाबु अब्राहामका परमेश्वर हुँ। नडरा, म तँसित छु र म तलाई आशीर्वाद दिनेछु। मेरो दास अब्राहामको कारणले म तेरो परिवारलाई विशाल बनाउनेछु।"

अब्राहाम संग परमेश्वरले भन्नुभयो नडरा छोरा इसहाक संग परमेश्वरले भन्नुभयो नडरा म त संग छु। युसुफ मिश्र देशमा छ। याकुब बुढो भएको छ। २१ , २२ शाल को पछि खबर आउछ युसुफ जिन्दा छ। जब याकुबले सुने आफ्नो छोरा जिन्दा भएको कुरा तर छोरा त मिश्र देशमा भएको कुराले दुखी पनि भए किनकी याकुब को बाबाले भनेका थिए प्रतिज्ञाको देश नछोड्नु र उसको जीवनमा प्रतिज्ञाको देश छोडेर हारानमा गएको कारणले कति दुख पाएका थिए। त्यो अनुभव याकुबले गरेका थिए।

उत्पत्ति ४६:३ [3]तब परमेश्वरले भन्नुभयो, "म परमेश्वर हुँ, तिम्रा बाबुको परमेश्वर। मिश्रमा जान नडराऊ मिश्रमा म तिमीलाई ठूलो जातिहरू बनाउनेछु।

यिनीहरु सबै संग परमेश्वर भन्नुहुन्छ। तिमी नडरा। पावल संग जाहाजमा यात्रा गर्ने धेरै रोमी सिपाहीहरु थिए। उनीहरु बलवानहरु थिए र पनि उनीहरु सबै डराए। पावल खडा हुदैछ किनकी उसलाइ परमेश्वरले नडरा भनेको कारणले उ खडा हुन सक्यो। संसारका मान्छेहरुमा साहस पैसा , पावर , स्थिति, (पोजिसन), लोकप्रियता,पढाइ आदि बाट आउछ। तर परमेश्वरको जनहरुमा साहस परमेश्वरले नडरा भनेको बाट आउछ। इज्रायलीहरु मिश्र देशमा दास को जीवन जीएका थिए त्यहाँ बाट परमेश्वरले निकालेर ल्याउदै गर्दा लाल समुन्द्रमा आइपुग्दा खेरी

प्रस्थान १४:१३ [13]तर मोशाले उत्तर दिए, "नडराऊ तिमीहरू जहाँ छौ यही उभिने काम गर अनि हेर आज परमप्रभुले तिमीहरूलाई बचाउनु हुनेछ। तिमीहरूले यी मिश्रबासीलाई फेरि कहिल्यै देख्ने छैनौ।

परमेश्वरले इज्रायलीहरुलाइ नडरा भन्नुभयो। कारण परमेश्वरको कुरालाइ मानेर थुमा को रगतमा बिश्वास गरेर मिश्र देश बाट निक्लेको कारणले गर्दा परमेश्वरले यहाँ इज्रायलीहरुलाइ नडरा भन्नुभयो। इज्रायलीहरुले यो पहिलो चोटि परमेश्वरमा बिश्वास गरेर हिडेका थिए।

उत्पत्ति १५:१ सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले भन्नुभयो, "अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।"

हामी किन डर्नु हुदैन। अब्राहाम किन नडर्ने ? २ कुराहरु को कारणले डर्नु पर्दैन। डर्न नपर्ने को पहिलो कारण परमेश्वरले भन्नुहुन्छ म हु तिम्रो ढाल र दास्रो कारण परमेश्वरले भन्नुभयो म हु तिम्रो अत्यन्त ठुलो इनाम। हाम्रो सबै डर २ वटा कुरा संग जोडिएको छ। पहिलो डर मृत्यु को डर र दोस्रो हाम्रो जीवनमा हुने नोक्सान को डर। यो दुबै डरमा परमेश्वर भन्नुहुन्छ मृत्यु देखी नडरा म तिम्रो ढाल हु। म तिम्रो सुरक्षा गर्छु। र जीवनमा हुने नोक्सान देखी नडरा किनभने म तेरो अत्यन्त ठुलो इनाम हु।

[15]"तर जहाँसम्म तेरो कुरा छ, तँ मनग्गे बाँच्नेछस्। तँ शान्तिपूर्वक मर्नेछस् अनि तँ त्यहीं गाडिनेछस् जहाँ तेरा पिता-पुर्खाहरूलाई गाडिएको थियो।

मान्छेलाइ मृत्यु को डर छ तर परमेश्वर भन्नुहुन्छ त प्रसस्तै बाच्नेछस्। नत्र भने कोभिड देखि लिएर हर चिज संग डराउछ। हामी प्रतिज्ञा पाएको मान्छेहरु डराउदैनौ कारण जब सम्म परमेश्वर को योजना मेरो जीवनमा पुरा हुदैन तब सम्म हामी मर्दैनौ। पत्रुसलाइ जेलमा हाल्यो र मृत्यु दण्ड दिएको छ र पनि पत्रुस मज्जाले सुत्छ। किनभने उसले परमेश्वर बाट प्रतिज्ञा पाएको छ। जसले गर्दा उसलाइ थाहाँ थियो चाहे हेरोदले मृत्यु दण्ड दिए पनि म मर्दिन भन्ने पत्रुसलाइ थाहाँ थियो। युसुफ २ वटा सपना र दर्शन पाएको मान्छे दाजुहरुले बेचेकोमा मर्दैन र जेलमा पनि काहि पनि मरेन किनकी परमेश्वरले उसको जीवनमा प्रतिज्ञा दिनुभएको थियो त्यो पुरा नभए सम्म उ मर्न सक्दैन। परमेश्वरले प्रतिज्ञा दिएको मान्छेहरु परमेश्वर को प्रतिज्ञा पुरा नभए सम्म मर्दैनन्। मान्छे २ कुरामा डराउछ। पहिलो मृत्युको डर हुन्छ। मृत्यु को डर को कारण हामी कुनै कुरामा पनि रिस्क लिन चाहदैनौ। र दोस्रोमा जीवनमा नोक्सान हुने डर।नोक्सान को डरको कारण हामी थोकहरु को लोभ गर्छौं र लोभी भएर हामी केहि कुरा पनि कसैलाइ दिदैनौ। अब्राहामले लडाइ जिते पछि मल्किसेदेकलाइ दशं अंस दिए र बाकि सामान मलाइ चाहिदैन भनेर फिर्ता गरीदिए। दशाँ अशाँ भनेको एक शिद्धान्त हो। १० प्रतिशत को कुरा होइन , यो दिने कुरा हो। हामीले महिना को शुरुवातमा दिनुपर्छ। सुरुमा नदिएर बिचमा दिन्छ भने डरको आत्मा पक्रिसकेको हुन्छ। पैसा पाएर सबै थोक किनेर अन्तिममा परमेश्वरलाइ दिन्छौ भने त्यसको कुनै अर्थ हुदैन। इज्रायलमा धेरै बिधवाहरु थिए तर पनि सामरियाको बिधवा को बारेमा परमेश्वर भन्नुहुन्छ किनभने यो स्त्रीले दिन जानेको थियो । थोरै आटा छ र थोरै तेल मात्र पहिला पानी माग्दा पानी नै छैन त्यो जगामा पानी नपरेको कति भइसकेको थियो। र पनि उनी पानी लिन भित्र जान लाग्दा मलाइ राटी बनाएर दे भन्दा उनले भनीन् थोरै आटा छ र अलिकती तेल छ यसले २ वटा रोटि बनाएर आमा छोरा खाएर मर्न आटेको भन्दा तिमी मर्दैनौ पहिला मलाइ रोटि बनाएर देउ भनेर भन्यो। दिए पछि तिम्रो पिठो राख्ने र तेल राख्ने बर्तन परमेश्वरको आशिष आउने सम्म खालि हुदैन भनेर भन्यो। त्यस पछि त्यो स्त्रीले बर्तनमा भएको आटा भोलि को लागी बचाएर राखीनन्। सधै तिन जना को लागी पुग्ने आटा हुन्थ्यो। त्यो इजरायलीहरुलाइ परमेश्वरले सिकाएको। मन्न आज को लागी मात्र हो भोलीको लागी बचाएर नराख बचाएर राख्यो भने सढ्छ। यो हो बिश्वास भोली परमेश्वरले हामीलाइ चाहिने भोजन दिनुहुन्छ भनेर नडरेर आज हामी बाकि रहेको अरुलाइ दिन सक्छौ। बिश्वास भनेको सिद्धान्त मात्र नभएर एउटा ब्यक्ति संग को घनिष्ट सम्भन्ध हो। यस्तो एउटा ब्यक्ति जसले मलाइ भन्नुहुन्छ म हु तिम्रो ढाल र अति महत्वपुर्ण इनाम। लुतलाइ अब्राहमले सेनाहरु लिएर गएर दुष्मणको कब्जा बाट निकालेर लिएर गए पछि पनि लुत फेरी फर्केर सदोममा गएर बस्यो कारण सदोममा उ पैसा कमाएर बसेको थियो फेरी आफ्नो ब्यवसाय सुरु गर्न सक्थ्यो उसले आफ्नो सुरक्षा को सदोममा नै देखेको थियो अब्राहम को जस्तो जीवन उ जीउन चाहदैनथ्यो। उल्लाइ डरको आत्माले पक्रियो। तर लुत को अन्तिममा उसको जीवनमा जीवन को नोक्सान को साथै थोकहरुको नोक्सान पनि हुन्छ। त्यसैले हामीले हाम्रो जीवनमा परमेश्वरले भनेको म तिम्रो ढाल हु र म तिम्रो महत्वपुर्ण इनाम हु। भनेको सुन्नुपर्छ। बिश्वास को बिना परमेश्वरलाइ प्रसन्न गर्नै असम्भव छ र जो उहाँ को पासमा जान्छन् उनीहरु को जीवनमा परमेश्वर नै हुनुहुन्छ माहान इनाम।

भजनसग्रह ३:३ [3]तर, हे परमप्रभु, तपाईं मेरो ढाल हुनुहुन्छ। परमप्रभु तपाईं मेरो आदर हुनुहुन्छ। तपाईंले मलाई महान् बनाउनु भयो।

अब्राहाम को संतानहरुमा सबैमा यि कुराहरु छैनन् तर दाउदमा यि कुराहरु आउछन् । परमेश्वरले म तिमीलाइ इनाम दिन्छु भन्नुभएको होइन उहाँ भन्नुहुन्छ म हु इनाम । संसारमा धेरै बिश्वासीहरुले परमेश्वरले दिने थोकहरु को आशिष खोज्छन् । परमेश्वर मलाइ यो दिनुस् त्यो दिनुस् भन्छन् । तर परमेश्वरलाइ खोज्ने अति नै कम छन् । अब्राहाम पनि परमेश्वरले दिने थोक को आशा गर्ने बिश्वासीनभएर परमेश्वरलाइ खोज्ने बिश्वासी हुन् । अब्राहामले आफ्नो भतिजा लुत को लागी आफ्नै ज्यान गुमाउन तयार भएर लुत को लागी युद्ध गर्न गए । हामी पनि जो जो परमेश्वर को सेवामा भएका मान्छेहरु हामी खाली बचन सिकाउने मात्र नभएर आफ्नो भेडाहरुको लागी आफ्नो पुरा जीवन बलिदान गर्ने गोठालो हुनुपर्छ । उत्पत्ति ४ अध्याय मा हेर्ने हो भने कैन र हावील दुबै जनाले परमेश्वरको लागी भेट लिएर आउछन् । परमेश्वरले पहिला कैनलाइ देख्नुभयो र त्यसपछि उसले लिएर आएको भेटलाइ देख्नुभयो । त्यसपछि हाविललाइ देख्नुभयो र त्यसपछि उसको भेट देख्नुभयो । मतलव परमेश्वर पहिला हाम्रो हृदय देख्नुहुन्छ अनि मात्र हाम्रो भेट देख्नुहुन्छ । त्यसकारणले परमेश्वर म मा म तालिम दिने मान्छे हो कि म मा गोठालो को हृदय भएको बिश्वासी हो त्यो हेर्नुहुन्छ ।

उत्पत्ति १४:१३ [12]तिनीहरूले अब्रामको दाज्युको छोरा लूतसंगै उसको सबै सम्पत्ति लगे
[13]लूतका मानिसहरूमा एकजना जो कैद भएको थिएन र हिबू अब्राम भएको ठाउँमा गएर के भएको थियो वृतान्त दियो। त्यस समय अब्राम एश्कोल र अनेर एमोरीको मम्रेको फलाँटको रूखहरू नजिकै बसेका थिए। तिनीहरूले एक-अर्कामा सहायता गर्नु भनी एउटा सम्झौतामा सही गरेका थिए। अनि तिनीले अब्रामलाई पनि सहायता गर्ने सम्झौता सही गरे।

उम्केर भागेको एक जना ब्यक्ति अब्राहाम कहाँ आएर भन्यो परमेश्वरले अब्राहाम को लागी त्यो एक जना मात्र लाइ बचाउनुभयो र उसलाइ अब्राहाम कहाँ खबर दिन पठाउनुभयो । बिश्वास को यात्रामा हिडेको ब्यक्ति र जसको जीवनमा उपवास र प्रार्थना को जीवन छ त्यसको जीवनमा मात्र परमेश्वरले खबर दिनुहुन्छ । बाकी को जीवनमा कुनै पनि कुरा को खबर दिनुहुन्न । जब अब्राहामले खबर पाए त्यस पछि उनले सेनाहरु लिएर गएर लडाइ गरेर जीतेर आए पछि उनी बाहिर चिन्तामा बसेर सोच्छन् मैले चार राजाहरु को सेनाहरु को बिरुद्धमा युद्ध जीते अब मलाइ यो ४ राजाहरुले बाकि राख्दैनन् अब म मोर्छु भनेर बस्दा खेरी । त्यति खेर परमेश्वर अर्थात परमेश्वरको बचन येशु श्वयम दर्शनमा आएर भन्नुहुन्छ अब्राहाम त नडरा म हु तेरो ढाल र म नै हु तेरो इनाम । त्यसैले येशुले भन्नुहुन्छ तिम्रो पुर्खा अब्राहाम मेरो दिन हेरेर रमायो । बिश्वास को जीवन भनेको शिद्धान्त नभएर यो एउटा अनुमब हो र यो अनुभब हाम्रो जीवनमा तुरुन्तै हुने कुरा होइन । दिन दिनै अनुभब बढ्दै जाने कुरा हो । लुत को जीवनमा अनुभब नै छैन । अब्राहम संग छुटिए पछि बाटो अलग भयो । अब्राहाम को जीवनमा बाटो अलग भयो कि परमेश्वर आएर फर्काएर परमेश्वर तर्फ लैजानुहुन्छ । लुत को जीवनमा परमेश्वरले कहिले पनि हस्तक्षप गर्नु भएन । तर अब्राहामले परमेश्वर बाट बाटो बिराउदा अब्राहमलाइ त हर पल परमेश्वर ढाल भएर हस्तक्षप गर्नुभयो । परमेश्वरले हाम्रो जीवनमा २ वटा कुराको न्याय गर्नुहुन्छ । एउटा हाम्रो मुख बाट आउने बोली र अर्को हाम्रो काम । अब्राहाम को प्रतिक हो इसहाक र लुत को काम को प्रतिक हो अमोन मोहाब । परमेश्वर भन्नुहुन्छ लुत को श्रीमतीलाइ याद राख्नु होस् । तिमीहरु को जीवन त्यस्तो नास नहोस् । त्यसैगरी अब्राहम लाइ हेर त्यस्तो बिश्वासमा हिड्न सिक भन्नुहुन्छ । परमेश्वरले २ वटा बिश्वासीलाइ राखेको छ । अब्राहाम र अर्को लुत दुबैको जीवन को बारेमा शुरु देखी अन्त सम्म दिएको छ । अब्राहामको अन्त कसरी भयो र लुत को अन्त कसरी भयो यो दुबै हेरेर हामीले कसको जीवन बाट सिक्नुपर्छ । त्यो हामीमा परमेश्वरले निंभर राखिदिनु भएको छ । परमेश्वरले अब्राहम संग भन्दैहुनुहुन्छ म हु तिम्रो ढाल र म नै तिम्रो इनाम । ढाल भनेको परमेश्वर को उपस्थीती यो संसारमा हामी संग हुन्छ । र दोस्रो म नै हु तिम्रो इनाम भनेको यो संसारमा पाउने होइन माथि गए पछि पाउने हो । अर्को उदाहरण भन्ने हो भने दाउद को मृत्यु र सुलेमान को मृत्यु । दाउद ले परमेश्वरको योजनाहरु सबै पुरा गरेर शान्तिमा मर्यो तर सुलेमान को मृत्यु शान्तिमा भएन । सुलेमान ले परमेश्वर बाट सबै थोक पाए र पनि उनको मृत्यु दुखि को साथ भयो । दाउदले परमेश्वरको भवन बनाउनको लागी पुरा सामान परमेश्वरले दिनुभएन र पनि उसको मृत्यु शान्ति को साथ भयो । हाम्रो जीवनमा थोक चाहियो कि परमेश्वर । हामीले सोचौ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद हाम्रो यो बिश्वास को यात्रामा हाम्रो जीवनमा सन्तहरु जीवन राखिदिनुभएको छ । उनीहरुको जीवन बाट हामीले सिक्न सकौ । प्रभु हामी अब्राहाम को छोरा छोरी बन्न चाहन्छौ । लुतको छोरा छोरी होइन । हामी संसारमा हो तर हामी संसारीक हुन चाहदैनौ । हाम्रो जीवन बाट डर को आत्मा निकालिदिनुस् प्रभु । हामी आफ्ना भाइ बहिनीहरुलाइ प्रेम गर्ने ब्यक्ति बनाउनुहोस् प्रभु । हामी संसार को थोक पछाडि हिड्ने होइन तपाइ नै हाम्रो अति महत्वपुर्ण इनाम भनेर हिड्न अब्राहाम जस्तै छोरा छोरी बनाउनु होस् । हाम्रो हर पल हामीलाइ साथ दिनुस् प्रभु यो सबै बिन्ति प्रार्थ येशु प्रभु को नाममा आमेन ।*